१३२ औं

आज मिति २०७८ साल पौष २ गते यस भेरीगंगा नगरपालिकाका का.वा. नगर प्रमुख श्री मान बहादुर बुढा मगरको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री मान बहादुर बुढा मगर, का.वा. नगर प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

<u>**सहयोगीहरु**</u>

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी)
श्री लक्ष्मन बि.क एम.आइ.एस. अपरेटर

प्रस्ताव नं. १ : विपद व्यवस्थापनको रकम सम्बन्धमा ।
निर्णय नं. १ : यस नगरपालिको विपद कोषमा भएको रु. १ लाख र नगरस्तरीय विपद कोषबाट रु. ३ लाख समेत गरी जम्मा रु. ४,००,०००र- मध्येबाट प्राप्त ५३ जनाको फायलमा पूर्ण क्षति र आंशिक क्षतिको अध्ययन गरी विपद् व्यवस्थापन समितिबाट पूर्व निर्धारित राहत शुल्क बमोजिम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ : मतदाता नामावली संकलन सम्बन्धमा ।
निर्णय नं. २ : यस नगरपालिकामा मिति २०७८।०९।०४ देखि १८ गतेसम्म संचालन हुने मतदाता नामावली संकलन कार्य यस नगरपालिकाको सभाहलमा संचालन गर्ने तथा उक्त कार्य वडा अनुसार तपसिलको मितिमा संचालन हुने र त्यसको प्रचारप्रसार स्थानीय एफ.एम. रेडियो मार्फत गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | वडा नं. | मिति | कैफियत |
|---|---|---|---|
| १ | १२ | २०७८।०९।०४ | |
| २ | १० | २०७८।०९।०५ | |
| ३ | ४ | २०७८।०९।०६ | |
| ४ | ५ | २०७८।०९।०७ | |
| ५ | ६ | २०७८।०९।०८ | |
| ६ | ७ | २०७८।०९।०९ | |
| ७ | ८ | २०७८।०९।१० | |
| ८ | ९ | २०७८।०९।११ | |
| ९ | ११ | २०७८।०९।१२ | |
| १० | १३ | २०७८।०९।१३ | |
| ११ | ३ | २०७८।०९।१४ | |
| १२ | २ | २०७८।०९।१५ | |
| १३ | १ | २०७८।०९।१६ | |
| १४ | छुटेकाहरुको | २०७८।०९।१७ र १८ | |

प्रस्ताव नं. ३ : आ.व. २०७८।०७९ को योजना सम्झौता सम्बन्धमा ।
निर्णय नं. ३ : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंको प्राप्त पत्रको आधारमा उपभोक्ता समिति दर्ता गरी उपभोक्तासँग सम्झौता गर्ने र संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका संस्था र टोल विकास संस्थाहरुबाट प्रक्रिया पुगेर आएकाहरुको हकमा आ.व. २०७८।०७९ को लागि उपभोक्ताबाट निर्माण कार्य अगाडि बढाउने साथै पूर्वाधार विकास शाखा र योजना तथा अनुगमन शाखाले विधानको नमुना बनाउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ : सामुदायिक वन सुचिकृत सम्बन्धमा ।
निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिका अन्तर्गत दर्ता भएका सामुदायिक वनहरुको विवरण सेक्टर वन कार्यालय छिन्चुसँग माग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ५ : पर्यटन तथा मनोरञ्जन शुल्क सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिकामा रहेका पर्यटकीय क्षेत्रहरुलाई लक्षित गर्दै पर्यटन तथा मनोरञ्जन शुल्क उठाउने सम्बन्धमा शुल्क निर्धारण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ६ :** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्वन्धमा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत सम्बन्धित विद्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : कर्कट पाताको दोस्रो किस्ता र २५० मा २५२ भएको सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस भेरीगंगा नगरपालिकाको कर्कट पाताको दोस्रो किस्ता २५० जनालाई दिने भनिएकोमा विशेष कारणवंश २५२ जनालाई दिने र २५० जनालाई आएको रकमवाट कुल २५२ जना कायम गरी दामासाहीले रकम तोकी भुक्तानीको लागि बैंकमा पत्राचार गर्ने र कम्तिमा ३५ mm भन्दा माथिका कर्कट पाता प्रयोग गर्ने/गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : कवाडि व्यवसायहरुलाई सुचिकृत तथा शुल्क सम्बन्धमा ।**

**निर्णय नं. ८ :** यस भेरीगंगा नगरपालिकामा कवाडि व्यवसाय संचालन गर्न चाहनेहरुको सूची तयार गर्न सूचना प्रकाशन गर्ने र शुल्क निर्धारण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ हरित पार्कको रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ९ :** यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ मा निर्माण भएको हरित पार्कको कार्य सम्पन्न भई भुक्तानी नभएको सम्बन्धमा अर्थ मन्त्रालयसँग रकम माग गर्दा रकम निकासा प्रक्रियामा रहेको हुँदा उक्त रकम प्राप्त नहुँदा सम्मको लागि पछि सोधभर्ना हुने गरी हाललाई उपप्रमुख स्वरोजगार कार्यक्रम शीर्षकबाट रु. १०,००,०००।- र भैपरी पूँजीगत शीर्षवाट रु. १,००,०००। गरी जम्मा रु. ११,००,०००। रकम भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : प्र.अ. मिलान सम्बन्धमा ।**

**निर्णय नं. १० :** प्र.अ. मिलान सम्बन्धमा ।

**प्रस्ताव नं. ११ : घ वर्गको इजाजत सम्बन्धमा ।**

**निर्णय नं. ११ :** यस भेरीगंगा नगरपालिका वडा नं ४ मा रहेको बिर्ख निर्माण सेवाले घ वर्गको इजाजत पाँउ भनी यस कार्यालयमा आवश्यक कागजातसहित निवेदन पेश गरेको हुँदा उक्त निर्माण सेवालाई घ वर्गको इजाजत दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं

नगर शिक्षा समिति २०७८।०६।१५ गतेको नगर शिक्षा समितिको निर्णय नं ५ तथा सोहि मितिको नगर कार्यपालिकाको निर्णय नं १ अनुसार यस नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापक छनौट र व्यवस्थापन गर्ने सन्दर्भमा नगरपालिकाको शिक्षा ऐन २०७५ (संशोधन सहित)र प्रधानाध्यापक छनौट र व्यवस्थापन सम्वन्धी कार्यविधि २०७८ को दफा ४ को उपदफा (४) वमोजिम कार्यदलले गरेको सिफारिस , दफा ५ मा उल्लेख गरिएका मापदन्ड र शिक्षकको जेष्ठता, कार्यकुशलता र नेतृत्वसीपको आधारमा खटाईएकोमा केहि खटिने शिक्षकहरुको प्राप्त भएका निवेदन,समुदायमा निर्वाह गरेको कार्यकुशलता ,नेतृत्वसीपको आधारमा मिति २०७८।०७।१४ गतेको नगर शिक्षा समितिको निर्णय नं १ को सिफारिश अनुसार तपसिलका विद्यालयहरुमा परिमार्जन गरी निम्नानुसार प्रअ व्यवस्थापन गर्न नगर कार्यपालिकावाट अनुमोदन गर्ने निर्णय गरियो ।

| सिनं | वडा नं | प्रधानाध्याक/निमित प्रधानाध्यापक भई जाने विद्यालयको नाम | प्रधानाध्यापक वा निमित प्रधानाध्यापकको नामथर | हाल कार्यरत विद्यालयको नाम | तह | विषय | प्रधानाध्याक/निमित प्रधानाध्यापकको सट्टामा जाने शिक्षकको नाम | कार्यरत विद्यालयको नाम | तह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | श्री सामुदायिक माबि मोहटी | भिमवहादुर रावत | श्री लालिगुँरास माबि रामघाट | निम्नमाध्यमिक | सामाजिक | शेरवहादुर राना | श्री सामुदायिक माबि मोहटी | निमा तह | यस भन्दा पूर्व प्रअमा काज खटाइएका शेर वहादुर थापा लाई स्वास्थ्य समस्याका कारण जान नसक्ने भएकोले पदाधिकार भएको विद्यालयमा राख्ने । |
| २ | ९ | श्री नेपाल राष्ट्रिय माबि सानोजात्री | पदम वहादुर वली | श्री जनज्योती माबि झिङनि | निम्नमाध्यमिक | विज्ञान | माबि विज्ञान अनुदान | | | |
| ३ | २ | श्री जनज्योती माबि कालपानी | भिमवहादुर वुढा | श्री जनज्योती माबि कालपानी | प्राथमिक | सवै | | | | निमा स्थायी शिक्षक पदपूर्ति नहुन्जेल सम्म विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ४ | ६ | श्री नेपाल राष्ट्रिय आबि घारिबन | शिवजंग वली | श्री नेपाल राष्ट्रिय आबि घारिबन | प्राथमिक | सवै | | | | निमा स्थायी शिक्षक पदपूर्ति नहुन्जेल सम्म विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ५ | ७ | श्री नेपाल राष्ट्रिय आबि काठेघारी | निमराज कार्की | श्री नेपाल राष्ट्रिय आबि काठेघारी | प्राथमिक | सवै | | | | निमा स्थायी शिक्षक पदपूर्ति नहुन्जेल सम्म विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ६ | ५ | श्री जनता प्राबि बबईहात्तिखाल | लोकवहादुर गुरुङ | श्री जनता प्राबि बबईहात्तिखाल | प्राथमिक | सवै | | | | कार्यकुशलता र नेतृत्वसीपका आधारमा विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ७ | ६ | श्री नव ज्योति प्राबि लेख झिंङनि | तिलकवहादुर हितान | श्री नव ज्योति प्राबि लेख झिंङनि | प्राथमिक | सवै | | | | कार्यकुशलता र नेतृत्वसीपका आधारमा विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ८ | ९ | श्री प्रभात प्राबि ठुलोजात्री | दलवहादुर आग्री | श्री प्रभात प्राबि ठुलोजात्री | प्राथमिक | सवै | | | | कार्यकुशलता र नेतृत्वसीपका आधारमा विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ९ | ५ | श्री नेपाल राष्ट्रिय आबि तोलीखोला | नेमवहादुर वली | श्री नेपाल राष्ट्रिय आबि तोलीखोला | प्राथमिक | सवै | | | | निमा स्थायी शिक्षक पदपूर्ति नहुन्जेल सम्म विद्यालयको प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |

Scanned with CamScanner